# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश नं.२, नेपाल
☎ :- ०३३ { ५६०१३७ प्र.प्र.अधिकृत, ५६०१३८ प्रशासन शाखा }

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७६/०३/३० गते)

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ४०८५

मिति :- २०७६/०३/३०

बिषय :- गुदरी हाट बजार सेवा शुल्क ठेक्काको शिलवन्दी बोलपत्र तथा दरभाउ पत्र आह्वान सूचना।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल वमोजिमका कर तथा सेवा शुल्क संकलनकालागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले आ.व. २०७६/०७७ (२०७६ श्रावण १५ गते देखि २०७७ आषाढ मसान्त सम्म) ११ महिना १५ दिनकालागि गनी महसुल, गनी किस्ता र किस्ताबन्दीमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालय र विभिन्न कार्यालयको सूचना पाटीमा टांस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट वोलपत्र/दरभाउपत्र फारम खरिद गरी रीतपूर्वकको शिलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्न सम्वन्धीत सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| सि. नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. (दुर्गा पूजा चन्दा बाहेक) | बोलपत्र र दरभाउ पत्र फारम रु.(पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| १. | गुदरी हाट बजार सेवा शुल्क १ देखि १० वडा | ३०,११,०००।– | ३०००।– | बोलपत्र |
| २. | गुदरीहाट बजार बथना चौक लहान वडा नं.२३ | ३०,०००।– | १०००।– | दरभाउ पत्र |
| ३. | गुदरीहाट बजार गढीया चौक लहान–२३ | २०,०००।– | १०००।– | दरभाउ पत्र |
| ४. | गुदरीहाट बजार सोनमती मझौरा चौक लहान–१९ | १०,०००।– | १०००।– | दरभाउ पत्र |
| ५. | गुदरीहाट बजार भोटीया टोल चौक लहान–१२ | १,५०,०००।– | १०००।– | दरभाउ पत्र |
| ६. | गुदरीहाट बजार तरेगना गोविन्दपुर लहान–१६ र १७ | २५,०००।– | १०००।– | दरभाउ पत्र |
| ७. | गुदरीहाट बजार गोविन्दपुर मानिकदह लहान–२४ | ५०,०००।– | १०००।– | दरभाउ पत्र |
| ८. | गुदरीहाट बजार बस्तीपुर लहान–१३ शिव चौक | ५,०००।– | १०००।– | दरभाउ पत्र |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ९०. | गुदरीहाट बजार ढोढना लहान–१५ | २५,०००।– | १०००।– | दरभाउ पत्र |
| १०. | गुदरीहाट बजार मोतीपुर लहान–२१ | २५,०००।– | १०००।– | दरभाउ पत्र |

शर्तहरु :-

०१ बोलपत्र तथा दरभाउ पत्र फारम खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नांउको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७५/२०७६ का लागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिबृद्धि कर दर्ता/स्थायी लेखा नम्बर (पान) र आ.व २०७४/२०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात मिति २०७६/०४/०५ गते सम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र तथा दरभाउ पत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप–शाखावाट वोलपत्र तथा दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ॥

०२. खरिद गरिएको वोलपत्रा तथा दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ औं दिन अर्थात २०७६/०४/०६ गते सोही दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका वोलपत्र तथा दरभाउ पत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा वोलपत्र तथा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा वोलपत्र तथा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र तथा दरभाउ पत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. वोलपत्र तथा दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी वोलपत्र तथा दरभाउ पत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३००००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम वोलपत्र तथा दरभाउ पत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो बोलपत्र तथा दरभाउ पत्र मान्य न भै अमान्य हुनेछ ।

०५. वोलपत्र तथा दरभाउ पत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. बोलपत्र तथा दरभाउ पत्र स्वीकृत भए पछि ठेक अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% ठेक्कामा जोडी एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोस्रो किस्ता ०७६ फाल्गुन मसान्त सम्म बुझाउनु पर्ने छ । साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा ११ महिना १५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै फर्मले पेश गर्नु पर्ने छ र व्यक्तिको हकमा जग्गा जमानि पेस गर्नु पर्ने छ ।

०७. कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

०८. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने वन्द हडताल हुन गएमा नगरपालिकाको निर्णय अनुसार हुने छ ।

०९. वोलपत्र तथा दरभाउ पत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्र तथा दरभाउ पत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र तथा दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. एक पटक सेवा शुल्क लिई सकेको गुदरी हाट वजार सेवा शुल्कमा दोहरो लिन पाईने छैन ।

११. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद न.पा.कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुखवाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईने छ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ ।

१२. दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१३. प्राप्त वोलपत्र तथा दरभाउ पत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. बोलपत्र तथा दरभाउ पत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

१५. गुदरी हाट वजार सेवा शुल्कको दररेट निम्नानुसार रहेको छ ।

<u>हाट वजार (गुदरी) सेवा शुल्क</u>

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| ०१ | अम्लीसोको कुचो तथा राडी खरको कुचो वेच्ने वाट लिने प्रति सैकडा | २५।- |
| ०२ | आलु मन एकको वेचने संग लिने | १०।- |
| ०३ | लिचि वजारमा वेच्ने वाट लिने प्रति सैकडा | ५।- |
| ०४ | कलमी आाप वेच्ने वाट लिने प्रति मन | २०।- |
| ०५ | सरही आाप वेच्ने वाट लिने प्रति मन | १५।- |
| ०६ | परेवा प्रति जोडा वेच्ने वाट लिने | १०।- |
| ०७ | कुखुरा प्रति थान वेच्ने वाट लिने | १०।- |
| ०८ | फुटपाथमा कठाजा राख्ने सांग लिने प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन | ७५।- |
| ०९ | भोर्लाको पात ठे.वाट किन्ने व्यापारी साग लिने प्रति भाडी | ५।- |
| १० | फुटपाथमा चुडा तथा लहठी पसल गर्ने साग लिने पसल एकको | १५।- |
| ११ | फुटपाथमा चामल, च्युरा वेच्ने वाट लिने प्रति ढक्की | ५।- |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको वेच्नेवाट | १०।- |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, काकट, तमाखु, वाासको ढक्की, समेत वेच्ने वाट लिने प्रति दिन | २०।- |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी वेच्ने वाट लिने प्रति मन | १५।- |

| | | |
|---|---|---|
| १५ | फुटपाथमा सुर्ति डांट,काचो हर्दि अथवा शखरखण्ड, पसल थापी वेच्ने वाट लिने प्रति मन | १०।- |
| १६ | विभिन्न साग सब्जी, कटहर,काात्रा,तरबुजा, खरबुजा आदी साईकलमा ल्याई वेचनेवाट लिने | १०।- |
| १७ | विभिन्न साग सब्जी,कटहर,काात्रा,तरबुजा,खरबुजा आदी मोटर साईकलमा ल्याई वेचनेवाट लिने | १५।- |
| १८ | विभिन्न साग सब्जी, कटहर, काात्रा, तरबुजा, खरबुजा आदी रिक्सा ठेलामा ल्याई वेचनेवाट लने | २५।- |
| १९ | विभिन्न साग सब्जी,कटहर,काात्रा,तरबुजा, खरबुजा आदी गोरु गाडामा ल्याई वेचनेवाट लिने | ५०।- |
| २० | विभिन्न साग सब्जी,कटहर,काात्रा,तरबुजा,खरबुजा आदी टायर गाडामा ल्याई वेचनेवाट लिने | ७५।- |
| २१ | विभिन्न साग सब्जी, कटहर, काात्रा,तरबुजा, खरबुजा आदी ट्र्याक्टरमा ल्याई वेचनेवाट लिने | १५०।- |
| २२ | विभिन्न साग सब्जी, कटहर, काात्रा, तरबुजा, खरबुजा आदी ट्रकमा ल्याई वेचनेवाट लिन | २५०।- |
| २३ | विभिन्न साग सब्जी, कटहर, काात्रा,तरबुजा,खरबुजा आदी प्रति भंङ्गामा ल्याई वेचनेवाट लिन | १५।- |
| २४ | विभिन्न साग सब्जी,कटहर,काात्रा,तरबुजा,खरबुजा आदी प्रति वोरामा ल्याई वेचनेवाट लिन | १०।- |
| २५ | विभिन्न साग सब्जी,कटहर,काात्रा,तरबुजा,खरबुजा आदी प्रति ढक्कीमा ल्याई वेचनेवाट लिन | ५।- |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता,भुजा,अण्डा विक्रि गर्ने साग लिने प्रति दिन | २५।- |
| २७ | दर्ता नभएको ठेलामा फलफुल,तरकारी,चिया,नास्ता,भुजा,अण्डा विक्रि गर्ने साग लिने प्रति दिन | ५०।- |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | २५।- |
| २९ | गाुड, (शखर) अथवा काकट तमाखु वेच्ने वाट लिने प्रति मन | २०।- |
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हांसीया,खुर्पि,खुम्चा,जाातो सिलौटो पसल एकको प्रति दिन लिने | १५।- |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले वहालमा नदिई उपलब्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा वेच्ने पसल एकको लिने प्रति दिन | ५०।- |
| ३२ | हटिया र फुटपाथमा विक्रि हुने नाग्लो थान-१ | ५।- |
| ३३ | फुटपाथमा माटोको भाांडा राखि वेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | २५।- |
| ३४ | फुटपाथमा रहेको टहरो सानो पसल,कपाल,दाह्री, काटने पसल एकको लिने प्रति दिन | १०।- |
| ३५ | खेल चटक, तमासा इत्यादी गर्ने जडी वुटि तथा सो सरहको सामान (माइक नराखि) वेच्ने वाट लिने प्रति दिन | १०।- |
| ३६ | सार्वजनिक जग्गामा कांटा राखि गल्ला खरीद विक्रि गर्ने साग लिने प्रति दिन | ५०।- |
| ३७ | न.पा.क्षेत्रमा माइक राखि प्रचार प्रसार गर्ने जडीवुटी वेच्ने पसल साग लिने प्रति दिन | ५०।- |
| ३८ | पाटको डोरी सिक अथवा सावेको डोरी वेच्ने पसल एकको प्रति | ५।- |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १००।- |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | ५०।- |
| ४१ | अन्य जंगली माछा घुगी, सितुवा पसल एकको (पसल हेरी) वढीमा प्रति दिन | २५।- |

| | | |
|---|---|---|
| ४२ | ठूलो माछा विक्री गर्ने व्यापारी संग लिने प्रति मन | २००।- |
| ४३ | सिधा माछा थोक विक्रि गर्ने वाट लिने प्रति मन | ३००।- |
| ४४ | सिधा माछा ठूलो विक्रि गर्ने वाट लिने प्रति दिन | ३०।- |
| ४५ | सिधा माछा सानो खाले विक्रि गर्ने वाट लिने प्रति दिन | २०।- |
| ४६ | रांगा काटि मासु वेच्ने वाट लिने प्रति गोटा | ५०।- |
| ४७ | खसी काटी वा वाहिरवाट काटी ल्याई विक्री गर्नेवाट लिने प्रति गोटा | २५।- |
| ४८ | सागुर जिवित वा काटेर अथवा घरैवाट काटेर ल्याई मासु वेच्ने वाट लिने प्रति गोटा | २५।- |
| ४९ | वास वति प्रति गाडा वेच्नेवाट लिने | २५।- |
| ५० | जंगली वास ( कोरो) टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | १०।- |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | ५।- |
| ५२ | दाउरा साईकलमा वोकी ल्याउने साग लिने प्रति साईकल | ७।- |
| ५३ | दाउरा टाउकोमा वोकी ल्याउने साग लिने प्रति वोझा | ५।- |
| ५४ | प्याजको विउ प्रति ढकी विक्रि गर्ने साग लिने | ५।- |
| ५५ | प्याजको विउ प्रति वोरा विक्रि गर्ने साग लिने | १०।- |
| ५६ | केरा घरी-१ को | १०।- |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ५०।- |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ५९ | चामल, च्युरा, पिठो आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ६० | गुन्दरी, पटीया आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन लिने | १००।- |
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।- |
| ६२ | चौकीमा राखि नाक, कान आदी सामान बिक्रि गर्ने तथा नाक कान छिर्ने संग लिने | ५०।- |
| ६३ | चौकीमा राखि दालमुट, भुजिया आदी बिक्री गर्ने संग लिने | ५०।- |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | २०।- |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० बर्ग फिट) प्रति दिन लिन | ५०।- |

द्रष्टव्य :-

(क) गुदरी हाट सेवा शुल्क दस्तुरमा न.पा.को मातहतमा रहेको नम्वरी वा सार्वजनिक जग्गामा किन वेच गर्ने वाहेक आफनो पसल घर वा भाडा घरमा किन वेच गर्दा कुनै प्रकारको सेवा शुल्क असुल गर्न पाइने छैन ।

(ख) उपरोक्त दररेटमा लेख्न छुट भएको पहाडी जडीवुटी इत्यादी मन एकको वढीमा रु २०।- र गिन्ती हुने वस्तुको प्रति सैकडा रु.१०।- सम्म ठेकेदारको वास्तविक तजविजले हेरी असुल गर्ने र न.पा. वाट नयां हटियामा निर्माण भएका पक्की घरमा भाडा तिरी पसल गर्नेहरु संग उक्त शुल्क लिने छैन

(ग) नगरपालिकाले तोकी दिएको ऐलानी जग्गामा न.पा.को स्वीकृती लिई राखेको पसलमा दैनिक शुल्क असुल गर्न पाइने छैन ।

(घ) पहाडवाट आउने जडीवुटीहरु लहान वजारमा ढाक्रेहरुले पुर्‍याउन नपाई वाटो वाटै व्यापारीहरुले वाटोमानै खरीद गरी आफनो साधन वाट ढुवानी गरी ल्याएमा सो जडी वुटिमा गुदरीहाट कर लिइने छैन । अन्यथा ढाक्रेवाट ढुवानी गराई ल्याएमा सो जडीवुटिमा गुदरी हाट सेवा शुल्क लिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत